# जिल्ला समन्वय समितिको कार्यालय
## रामेछाप, मन्थली
बागमती प्रदेश, नेपाल

पत्र संख्या: २०८१/०८२

चलानी नम्बर

**जिल्ला समन्वय समितिको कार्यालय**
**मन्थली, रामेछाप**
**सटर भाडामा लगाउने बारेको सूचना**
**(प्रथम पटक प्रकाशित मिति: २०८२/०३/१६)**

यस कार्यालयको स्वामित्वमा रहेको रामेछाप जिल्ला मन्थली न.पा वडा नं १ साविक भलुवाजोर गा.वि.स वडा नं ४ क को कित्ता नं ७१७ को जग्गामा बनेको सटर पसल कबलहरु (८ र १२) जिल्ला समन्वय समितको निर्णय अनुसार शिलबन्दी दरभाउ पत्रद्वारा बढाबढ गरी भाडामा दिनुपर्ने भएकोले ईच्छुक व्यक्ति एवं संस्थाहरुले निम्न बमोजिमको शर्तहरुमा रही कार्यालयमा उपस्थित भई वा हुलाक मार्फत शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि १५ (पन्ध्र) दिने यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु:

१. सटर कोठाहरुको मासिक न्यूनतम भाडा तपशिल अनुसार कायम गरिएको छ।

| क्र.स. | सटर नं | न्यूनतम भाडादर (प्रति सटर) | कैफियत |
|---|---|---|---|
| १. | ८ | ८६४३ (आठ हजार छ सय त्रिचालिस मात्र) | |
| २. | १२ | १४३९० (चौध हजार तीन सय नब्बे मात्र) | |

१. दरभाउपत्र पेश गर्दा गर्ने व्यक्ति वा संस्थाले आफूले कबोल गरेको सटर कोठाको अंकको १ महिना बराबरको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, मन्थलीको नाममा राष्ट्रिय वाणिज्य बैंक मन्थली शाखामा रहेको १६८०१००१०२०३०००० धरौटी खातामा जम्मा गरेको बैंक भौचर संलग्न गर्नुपर्नेछ।

२. दरभाउपत्र फाराम यस कार्यालयको जिन्सी शाखाबाट रू.१००० (एक हजार मात्र) तिरी उपलब्ध हुनेछ।

३. सटर भाडामा लिन इच्छुक व्यक्ति वा संस्थाहरुले प्रत्येक कोठाको छुट्टाछुट्टै बढाबढ शिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ।

४. पसल (सटर) भाडामा लिने व्यक्ति वा संस्थाले पसलको भाडा रकम तथा बिजुलीको महशुल रकम मासिक रुपमा बुझाउनुपर्नेछ। यसरी भाडा रकम बुझाउँदा प्रत्येक महिनाको ७ गते भित्र (अग्रिम रुपमा) र अघिल्लो महिनाको बिजुली बत्तीको महशुल समेत दुबै एकमुष्ट रुपमा कार्यालयमा बुझाउनु पर्नेछ।

५. दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन मिति २०८२/०३/३१ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गर्न सकिने छ।दाखिला हुन आएका दरभाउपत्रहरु सोही दिन दिनको १:०० बजे यस कार्यालयमा उपस्थित दरभाउपत्र दाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

६. दरभाउपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ।

७. दरभाउपत्र स्वीकृत भई सम्झौता रकम बन्द, हड्ताल जस्ता कुनैपनि कारणले मिनाहा हुनेछैन।

८. पसल (सटर) को बिजुली बत्तीको शुल्क सब-मिटरमा उठे अनुसारको अंक बमोजिमको रकम पसल (सटर) भाडामा लिने व्यक्तिले बुझाउनु पर्नेछ।

Phone: 048-540007/048-540114 Email: ddcramechhap@gmail.com, Web: ddcramechhap.gov.np

९. अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**शिलबन्दी दरभाउपत्रसाथ पेश गर्नुपर्ने कागजातहरु:**

१. कबोल गरेको सटर कोठाको १ (एक) महिना बराबरको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, मन्थलीको नाममा राष्ट्रिय वाणिज्य बैंक मन्थली शाखामा रहेको १६८०१००१०२०३०००० धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर।

२. संस्थाको हकमा दर्ताको प्रमाणपत्र र हालसम्मको करचुक्ताको विवरण तथा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र फोटो २ थान।

शाखा अधिकृत



CamScanner